# अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/१२/१५ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

<table>
<tr><th>सि.नं</th><th>प्रतिवादीहरु</th><th>मुद्दा</th><th>आयोगको माग दावी तथा विशेष अदालतको फैसला</th><th>विशेष अदालतको फैसला र आधार</th><th>आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु</th></tr>
<tr>
<td>१</td>
<td>प्रतिवादी<br>प्रदिप ढकाल<br>मु.नं (०७९-CR-०१५७)<br>फैसला मिति २०८१/०२/१६<br>फैसला प्रमाणिकरण २०८२।०६।०५</td>
<td>गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको।</td>
<td>आयोगको माग दावी<br>• प्रतिवादी प्रदिप ढकालले पदको दुरूपयोग गरी गैरकानुनी रुपमा सम्पत्ति आर्जन गरेको देखिएको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसूरमा रू.१,४४,११,७८१।७१(एक करोड चवालीस लाख एघार हजार सात सय एकासी रूपैंया एकहत्तर पैसा) बिगो कायम गरी प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम कैद तथा जरिवानाको सजाय गरी पाउनका साथै प्रतिवादी प्रदिप ढकालले जाँच अवधिमा गैरकानुनी रूपमा आर्जन गरेको श्रोत नखुलेको बिगो तपसिलमा उल्लिखित निजको नाममा हाल कायम रहेको घर/जग्गामा स्रोत खुल्न नसकेको रकम रू.८०,६७,०६२।५४ सम्मको हिस्सा र सोबाट बढे बढाएको सम्पत्ति उक्त घरजग्गाबाट र बाँकी गैरकानुनी रुपमा आर्जन गरेको रकम रू.६३,४४,७९९।१७ बराबरको सम्पत्ति प्रदिबादी प्रदिप ढकालको नामको उक्त घरजग्गाको स्रोत खुलेको हिस्साबाट प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन,२०४८ को दफा २९ ख बमोजिम बिगो जफत गरी पाउन मागदावी लिई विशेष अदालत समक्ष आरोपपत्र दायर गरिएको देखिन्छ।</td>
<td>फैसलाः<br>प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला।<br>विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः<br>• यि प्रतिवादी उपर आरोप दावी लिदा विश्लेषण गरिएका आय १० वटा शिर्षकहरु मध्ये ब्यक्तिगत सापटी लिएको आय रकम बाहेकका अन्य नौ वटा आयका शिर्षकहरुमा र ब्ययका विभिन्न ११ वटा शिर्षकहरु मध्ये घर निर्माण खर्च, बैंक कर्जा भुक्तानी र ब्यक्तिगत सापटी भुक्तानी शिर्षक बाहेकका अन्य ब्ययका शिर्षकहरुमा आरोप दावी भन्दा प्रतिवादीको फरक जिकिर नरहेकोले उक्त मुख मिलेका आय र ब्ययका शिर्षकहरुमा प्रस्तुत पुनरावेदन पत्रमा विश्लेषण तथा खण्डन गरि रहनु पर्ने अवस्था नभएकोले प्रस्तुत पुनरावेदन पत्रमा मुख नमिलेका देहायका आय र ब्ययका शिर्षकहरुको मात्र विश्लेषण गरिएको छ।<br>क. <u>ब्यय शिर्षकको हकमाः-</u><br>• प्रतिवादीले घर जग्गा खरीद गरिसके पश्चात घरमा थप निर्माण कार्य विद्युत कार्य वा स्यानिटरी कार्य गरेको भन्ने पनि नदेखिएकोले सिभिल कार्यको छुट्टै मूल्याङ्कन गरी ब्ययमा गणना गरेको नमिलेको।<br>• प्रतिवादी सेवा निवृत्त भए पश्चात बैंक, वित्तिय संस्था तथा सहकारीलाई भूक्तानी गरेको रकम कट्टा गरी बाँकी रकम मात्र कर्जा भुक्तानी शिर्षकमा गणना गर्नु पर्ने।<br>• प्रतिवादी सेवा निवृत्त भए पछि भुक्तानी गरेको रकमलाई गणना नगरी सेवा अवधिमा फिर्ता गरेको ब्यक्तिगत सापटी रकमलाई मात्र निजको ब्ययमा गणना गर्नु पर्ने।<br>ख. <u>आय शिर्षकको हकमाः-</u><br>• प्रतिवादी स्वयमले आफूले ब्यक्तिगत सापटी कम लिएको हुँ कम आय गणना गरियोस् भन्ने जिकिर लिएको देखिँदा प्रतिवादीको जिकिर बमोजिम नै निजको आयमा गणना गर्नु पर्ने।<br>• सामाजिक कार्य, रिति परम्परा बमोजिम चाडपर्वमा प्राप्त हुने दान दक्षिणा तथा टिकाटालोको कार्यबाट प्राप्त रकम प्रतिवादीको आयमा गणना हुनु पर्ने।<br>फैसला बमोजिम प्रतिवादीको समग्र आय व्ययको अवस्था निम्न बमोजिम देखियोः</td>
<td>• प्रतिवादी प्रदिप ढकालले सार्वजनिक सेवाको पदमा कार्यरत हुँदा पेश गरेको सम्पत्ति विवरण, अनुसन्धानको क्रममा निज प्रतिवादीको बयान, विभिन्न बैंकबाट प्राप्त विवरण, अनुसन्धानको सिलसिलामा संकलित विभिन्न चल अचल सम्पत्तिहरुसँग सम्बन्धित विभिन्न निकायहरुबाट प्राप्त प्रमाण, प्रतिवेदन तथा कागजातहरु लगायत निज प्रतिवादीको सम्पूर्ण आय व्ययका सम्बन्धमा गरिएको आय व्यय प्रवाह विवरण (Income Expenditure Cash Flow) को प्रचलित कानूनको व्यवस्थाको रोहमा बस्तुनिष्ठ तवरले अध्ययन एवं विवेचना गर्दा निज प्रतिवादी प्रदिप ढकालले सार्वजनिक सेवा प्रवेश गरेको मिति२०७४/०४/३२ देखि मिति २०७९/०२/३० सम्मको अनुसन्धान जाँच अवधिमा आरोपपत्र अनुसार समग्र आय व्यय निम्न बमोजिम देखियो।<br><u>आय व्ययको विवरण</u>
<table>
<tr><td rowspan="2">क्र.स</td><td colspan="2">आय</td><td rowspan="2">क्र.स.</td><td colspan="2">व्यय</td></tr>
<tr><td>विवरण</td><td>रकम (रू.)</td><td>विवरण</td><td>रकम (रू.)</td></tr>
<tr><td>१</td><td>सेवा प्रवेश गर्दाको बैंक मौज्दात रकम</td><td>११,५१९।७६</td><td>१</td><td>घर जग्गा खरीद</td><td>२,८३,१९,५००।-</td></tr>
<tr><td>२</td><td>पारिश्रमिक आय</td><td>१५,४६,२८५।३०</td><td>२</td><td>घरको साजसज्जा</td><td>५५,०७,३७८।२४</td></tr>
<tr><td>३</td><td>प्रोत्सहान भत्ता</td><td>१,६८,११३।-</td><td>३</td><td>बैंक कर्जा भुक्तानी</td><td>१,६७,२९,००५।७६</td></tr>
<tr><td>४</td><td>बैठक भत्ता</td><td>४३,३५०।-</td><td>४</td><td>कर्जा सेवा दस्तुर</td><td>१२,५०,०००।-</td></tr>
<tr><td>५</td><td>भ्रमण भत्ता</td><td>५,०७,२१५।-</td><td>५</td><td>शेयर खरीद</td><td>३५,०५,०००।-</td></tr>
<tr><td>६</td><td>अतिरिक्त सुविधा</td><td>१,४४,७९४।-</td><td>६</td><td>ब्यक्तिगत सापटी फिर्ता भुक्तानी</td><td>२,०५,००,०००।-</td></tr>
<tr><td>७</td><td>नागरिक लगानीकोषबाट प्राप्त</td><td>९,४९,०८६।५१</td><td>७</td><td>ब्यक्तिगत सापटी दिएको</td><td>१५,००,०००।-</td></tr>
<tr><td>८</td><td>बैंक तथा वित्तिय संस्थाबाट प्राप्त कर्जा</td><td>३,२५,००,०००।-</td><td>८</td><td>क्लियरिङ मार्फत खर्च</td><td>१३,००,०००।-</td></tr>
<tr><td>९</td><td>शेयर बिक्री आय</td><td>३५,००,०००।-</td><td>९</td><td>दान दातब्य</td><td>५,००,०००।-</td></tr>
<tr><td>१०</td><td>ब्यक्तिगत सापटी आय</td><td>२,८५,००,०००।-</td><td>१०</td><td>औषधोउपचार खर्च</td><td>४,००,०००।-</td></tr>
<tr><td></td><td></td><td></td><td>११</td><td>अन्तिम मौज्दात</td><td>१९,२१०।१२</td></tr>
<tr><td colspan="2">कुल जम्मा रु.</td><td>६,७८,७०,३६३.६७</td><td></td><td></td><td>७,८४,०५,०९४.१२</td></tr>
<tr><td colspan="3">आय भन्दा खर्च लगानी (व्यय) बढी देखिएको रकम रु.</td><td></td><td></td><td>(१,०५,३४,७३०.४५ )</td></tr>
</table>
</td>
</tr>
</table>

| आय तर्फ | | | व्यय तर्फ | | |
|---|---|---|---|---|---|
| क्र.स | शिर्षक | रकम (रु.) | क्.स | शिर्षक | रकम (रु.) |
| १ | **सेवा प्रवेश गर्दाको बैंक मौज्दात रकम** | **११,५१९।७६** | १ | **घर जग्गा खरीद** | **२,८३,१९,५००।-** |
| २ | पारिश्रमिक आय | १५,४६,२८५।३० | २ | घरको साजसज्जा | २४,३२,६३९।८१ |
| ३ | प्रोत्सहान भत्ता | १,६८,११३।- | ३ | कर्जा भुक्तानी | १,४४,१२,९७५।५० |
| ४ | बैठक भत्ता | ४३,३५०।- | ४ | कर्जा सेवा दस्तुर | १२,५०,०००।- |
| ५ | भ्रमण भत्ता | ५,०७,२१५।- | ५ | शेयर खरीद | ३५,०५,०००।- |
| ६ | अतिरिक्त सुविधा | १,४४,७९४।- | ६ | ब्यक्तिगत सापटी फिर्ता | २९,००,०००।- |
| ७ | नागरिक लगानीकोषबाट प्राप्त | ९,४९,०८६।५१ | ७ | ब्यक्तिगत सापटी दिएको | १५,००,०००।- |
| ८ | बैंक तथा वित्तिय संस्थाबाट प्राप्त कर्जा | ३,२५,००,०००।- | ८ | क्लियरिङ मार्फत खर्च | १३,००,०००।- |
| ९ | शेयर बिक्री | ३५,००,०००।- | ९ | दान दातब्य | ५,००,०००।- |

**<u>शीर्षकगत रुपमा देखिएको ऋणात्मक रकम</u>**

| तालिका नं. ३४ | | | | |
|---|---|---|---|---|
| **सि. नं** | **शीर्षक** | **ब्यय रकम** | **स्रोत नपुगेको रकम** | **स्रोत नपुगेको प्रतिशत** |
| १ | घर/जग्गा खरिद राजिनामा | 2,83,19,500.00 | 79,79,582.62 | -28.18% |
| २ | इन्टेरियर डेकोरेशन/फर्निचर खरिद खर्च | 5,507,378.24 | 87,479.92 | -1.59% |
| ३ | बैंक तथा वित्तिय संस्थाको ऋण भुक्तानी | १,६७,२९,००५.७६ | 37,51,644.87 | -२२.४३% |
| ४ | ब्यक्तिगत सापटी फिर्ता | २,०५,००,०००.०० | २१,९३,०७४.३० | -10.70% |
| ५ | औषधी उपचार खर्च | ४,००,०००.०० | ४,००,०००.०० | -१००% |
| | जम्मा स्रोत नपुगेको रकम | | **-१,४४,११,७८१.७१** | |

**१. <u>प्रतिवादीको आय शिर्षक तर्फः</u>**

**क. ब्यक्तिगत सापटी लिएको आय :**

- आयोगबाट प्रतिवादीले विभिन्न व्यक्तिबाट ऋण सापटी लिएको रकम रु.२,८५,००,०००।-आयमा गणना गरेकोमा प्रतिवादीले अदालत समक्षको वयानमा आफूले सेवा अवधिमा रु.२,०८,५०,०००।- मात्र व्यक्तिगत ऋण सापटी लिएको भन्ने जिकिर रहेको देखिन्छ। विशेष अदालतबाट फैसला हुदाँ "यि प्रतिवादी सेवा निवृत्त भए पश्चात लिएको रकम समेत गरि समग्र आयमा गणना गरिनु न्याय र कानुन संगत देखिदैन। कतिपय सेवा अवधि भित्र प्रतिवादीले लिएको व्यक्तिगत सापटीलाई आयोगले आयमा गणना गरेको देखिदैन। अभियोजकले अभियोजन गर्दा एउटै मापदण्ड अपनाउनु पर्ने हुन्छ। प्रतिवादी स्वयंले आफूले व्यक्तिगत सापटी कम लिएको हो कम आय गणना गरियोस भन्ने जिकिर लिएको देखिंदा प्रतिवादीको जिकिर बमोजिम रु.२,०८,५०,०००।- स्वीकार गरी निजको आयमा गणना गर्नु पर्ने देखियो" भनी भएको फैसलाका सन्दर्भमा हेर्दा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा ३१(क) र भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ५० ले सम्पत्ति विवरणलाई Mandatory (बाध्यात्मक व्यवस्था) मानेको र व्यक्तिले आफ्नो आय र व्ययको विवरण सम्पत्ति विवरण फाराममा अनिवार्य रूपम उल्लेख गर्नुपर्ने व्यवस्था रहेको छ। प्रतिवादी प्रदिप ढकालले सेवामा रहँदा व्यक्तिगत सापटी वापत विभिन्न मितिमा विभिन्न व्यक्तिहरुसँग रू.२,९५,००,०००।- ऋण सापटी लिएको भनी निजले आयोगमा पेश गरेको १३ पाने सम्पत्ति विवरण फाराममा खुलाएको र निजले अनुसन्धानको वयान तथा अदालत समक्ष गरेकोको वयानमा रू.३,७१,५०,०००।– ऋण सापटी लिएको भनि दावी लिइरहेकोमा प्रतिवादीले अनुसन्धान र अदालतको वयानमा कही कतै उल्लेख नै नगरेको रु.२,०८,५०,०००। रकमलाई प्रतिवादीले अदालत समक्षको वयानमा उल्लेख गरेको भन्ने जिकिर अदालत स्वयंले सृजना गरि प्रतिवादीको आयमा कायम गरेको फैसलामा स्वयं त्रुटीपूर्ण हुँदा बदरभागी छ।
- सापटी लिंदा बैंकबाट गरेको कारोवार र सम्बन्धित व्यक्तिहरुको बयानको आधारमा निजको दाबी समर्थित हुन आएको कारोवारहरुबाट आरोप पत्रको तालिका नं. १४ मा उल्लेखित विवरण अनुसारको रकम रू.२,८५,००,०००।- मात्र व्यक्तिगत सापटी वापत प्राप्त गरेको पुष्टि हुन आएकोले निजले व्यक्तिगत सापटी प्राप्त गरेको भनी रू.३,७१,५०,०००।– दाबी लिए तापनि सापटी रकम लिएको कुरा प्रमाणबाट समर्थित नभएको हुँदा निजको आयमा गणना नगरिएको भन्ने आरोपत्रमा स्पष्ट खुलाइएको अवस्था छ। प्रतिवादीले

| | | | | | |
|---|---|---|---|---|---|
| | आय | | | | |
| १० | ब्यक्तिगत सापटी आय | २,०८,५०,०००।- | १० | औषधो उपचार खर्च | ४,००,०००।- |
| ११ | सामाजिक कार्यमा प्राप्त रकम | ५,००,०००।- | ११ | अन्तिम मौज्दात | १९,२१०।१२ |
| | **जम्मा** | ६,०७,२०,३६३।५७ | | जम्मा | ५,५४,१४,३२५।४३ |
| व्यय भन्दा आय वढी | | | | | ५३,०६,०३८।१४ |

प्रतिवादीको वास्तविक वैध आय रु.६,०७,२०,३६३।५७ र व्यय रु.५,५४,१४,३२५।४३ रहेको देखियो।तसर्थ प्रतिवादीको ब्यय भन्दा बैध आय रु.५३,०६,०३८।१४ अधिक देखिन आएकोले आरोपदावी बमोजिम गैरकनूनी सम्पत्ति आर्जन गरेको वा बैध आम्दानी भन्दा अधिक खर्च गरेको वा अमिल्दो र अश्वाभाविक जीवनस्तर यापन गरको भन्ने वादी नेपाल सरकारको दावी पुग्न नसक्ने, प्रतिवादी प्रदिप ढकालले आरोप दाबीबाट सफाई पाउने ठहर्छ भनी फैसला भएको देखिन्छ।

व्यक्तिगत सापटी लिएको रकमका सन्दर्भमा प्रतिवादीले १३ पाने सम्पत्ती विवरण भर्दा उल्लेख गरेको तथ्यहरु निजले अनुसन्धानका क्रममा उल्लेख गरेका वयानका कुराहरु र अदालत समक्ष निजले लिएको जिकिरमा एकरुपता देखिदैन। भ्रष्टाचार निवारण ऐन, २०५९ दफा २० अनुसार सम्पत्तीको स्रोत प्रमाणित गर्नुपर्ने दायित्व प्रतिवादी प्रदिप ढकाल माथि नै रहने व्यवस्था रहेकोमा निज प्रतिवादीले सम्पत्तिको स्रोत पुष्टि गर्न सकेको देखिदैन।सम्मानित सर्वोच्च अदालतबाट **"सार्वजनिक पदमा बहाल रहेको पदाधिकारीहरूले कानून बमोजिम नियमित रूपमा साधिकार निकायमा बुझाउने सम्पत्ति विवरण फारम औपचारिकताको बिषय मात्र होईन यसको प्रमाणिक मुल्य हुन्छ।जिम्मेवार पदाधिकारीले जिम्मेवार निकायमा आफैले बुझाएको विवरणबाट सृजित जिम्मेवारीबाट पन्छिन मिल्दैन"** (युवराज शर्मा बि. नेपाल सरकार ०७१-NF-००२१) भन्ने समेत सिद्धान्त प्रतिपादन भएको स्थितिमा यि प्रतिवादीले लिएको जिकिर प्रमाणहरुबाट पुष्टि हुन नसकिरहेको र सापटी रकम कम मात्र लिएको हो भनेर जिकिर लिएकै भरमा कुनै प्रमाण विना उक्त रकमलाई नै मान्यता दिई भएको शुरू विशेष अदालतको फैसला त्रुटिपूर्ण हुनुको साथै सम्मानित अदालतबाट प्रतिपादित सिद्धान्त प्रतिकुल हुँदा प्रस्तुत फैसला बदरभागी छ।

- प्रतिवादी प्रदिप ढकालले गैरकानुनी रूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको भन्ने उजुरी सम्बन्धमा के कति अवधिलाई अनुसन्धान जाँच अवधिको रूपमा लिने भन्ने सम्बन्धमा हेर्दा "सार्वजनिक पदमा बहाल रहँदा गैरकानुनी आर्जन गरी त्यस्तो सम्पत्ति लुकाई छिपाई राखेको, त्यस्तो सम्पत्तिबाट बढे बढाएको र अबकाश भएपश्चात स्वामित्व वा भोगचलनमा ल्याएको देखिन आएमा सेवाबाट अवकाश भएपछिको अवधिलाई समेत अनुसन्धान अवधिमा गणना गर्नु पर्नेछ" (गैरकानुनी सम्पत्ति अनुसन्धान कार्यविधि, २०७८ को दफा २२) भन्ने कानूनी व्यवस्था रहेको छ।**"के कति अवधिलाई जाँच अवधिको रूपमा लिने भन्ने कुरा अभियोजन पक्षमा निर्भर रहने कुरा हो।अनुसन्धानको क्रममा आयको तुलनामा अस्वाभाविक रूपमा सम्पत्ति आर्जन गरेको र उच्च जीवनयापन गरेको देखिएको सार्वजनिक जीवनको कुनै निश्चित् अवधिलाई मात्र जाँच अवधिको रूपमा लिई प्रतिवादीउपर अभियोजन गर्न कुनै कानूनी बाधा देखिँदैन।साथै जाँच अवधि बढाएको कारण प्रतिवादीको आयस्रोतको मात्र एकलौटी गणना हुने पनि होइन।सो अवधिमा निजले गरेको खर्च वा आर्जन गरेको सम्पत्ति समेतको तुलनात्मक परीक्षण गरिने"** नेपाल सरकार विरुद्ध युवराज शर्मा (ने.का.प.२०६९, अंक ९, नि.नं.८८८६, फैसला मिति२०६९।०९।२५) भन्ने समेत सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित नजिर सिद्दान्त समेत प्रतिपादन भएको देखिन्छ।तसर्थ प्रतिवादी प्रदिप ढकालले मिति २०७४/०४/३२ गते देखि सार्वजनिक सेवा प्रवेश गरी मिति २०७८/०४/३१ गते अवकाश भएको भएतापनि मिति २०७८/१२/१४ मा निज उपर यस आयोगमा उजुरी परी मिति २०७८/१२/३० मा छानबिन अधिकृत तोकिई छानबिन प्रारम्भ भएको र निजले मिति २०७९/०२/३० मा आयोगमा सम्पत्ति विवरण फाराम पेश गरेको हुँदा मिति २०७४/०४/३२ गते देखि मिति २०७९/०२/३० गतेसम्मको अवधिलाई अनुसन्धानको जाँच अवधि लिएर स्वआर्जित तथा सिर्जित सम्पत्ति एवं लगानी खर्चहरुका सम्बन्धमा सोही जाँचअवधिका आय व्ययहरुको गणना गरी अनुसन्धानको जाँच अवधि निर्धारण गरिएको हो भन्ने स्पष्ट रुपमा आरोपपत्रको पेज नं. ६२ र ६३ मा खुलाइएको अवस्था छ।सोही अनुसन्धान अवधि भित्र निज प्रतिवादीको आय र व्ययको तुलना गर्दा आय भन्दा व्यय बढी भएको हुँदा र प्रतिवादीले उक्त आय व्ययको स्रोत भ्रष्टाचार निवारण ऐन २०५९ को दफा २० को उपदफा (१) पुष्टि गर्न नसकेको हुँदा प्रस्तुत मुद्दाको उठान भई अदालत समक्ष दायर भएकोमा प्रतिवादी सेवा निवृत्त भए पश्चात लिएको रकमलाई समग्र आयमा गणना गरिनु न्याय र कानुन सम्मत नदेखिने भनी प्रतिवादीलाई आरोपित कसूरबाट सफाई दिने गरी भएको फैसला कानुन र उल्लिखित सर्वोच्च अदालतबाट प्रतिपादित नजिर सिद्धान्तको प्रतिकुल रहेकोले त्रुटीपूर्ण हुँदा बदरभागी छ।
- **सामाजिक कार्यमा प्राप्त रकम-**ःचाडपर्वमा प्राप्त दान दक्षिणा, टिकाटालोको रकम पाउने नेपालको धार्मिक, सामाजिक सांस्कृतिक संस्कार परम्परा रितिरिवाज बमोजिम चलिआएको श्री सर्वोच्च अदालतबाट व्याख्या

विवेचना भएको भन्ने आधारको सन्दर्भमा विवेचना गर्दा, प्रतिवादीको जिकिर बमोजिम सामाजिक रिति परम्परा बमोजिम चाड्पर्वमा प्राप्त हुने दान दक्षिणा तथा टिकाटालोको कार्यबाट रु.५,००,०००।- प्रतिवादीको आय भएको मानी थप गणना गर्नुपर्ने भनी आयमा थप गरिएको छ तर उक्त सामाजिक कार्यमा प्राप्त रकमको बारेमा समेत निज प्रतिवादी प्रदिप ढकालले अनुसन्धान र अदालत समक्षको बयानमा कुनै जिकिर नलिएको र उक्त आय प्राप्त गर्ने सो सांस्कृतिक कार्यमा कति खर्च भएको थियो भन्ने तथ्य प्रतिवादीले बयानको क्रममा नखुलाएको अवस्थामा अदालत स्वयं केवल बहसनोटमा निजको कानुन व्यवसायीले उल्लेख गरिदिए कै आधारमा अनुमान गरि प्रतिवादीको आय कायम गर्ने गरि भएको फैसला तथ्य र प्रमाणको विश्लेषणको रोहमा त्रुटीपुर्ण देखिदा बदर भागी छ।

२. **<u>प्रतिवादीको व्यय शिर्षक तर्फः</u>**-

क. **<u>घर निर्माण खर्चः</u>**

- घर निर्माण खर्च सम्बन्धमा काठमाडौं जिल्ला बुढानिलकण्ठ नगर पालिका वार्ड नं. १ मा कि. नं. १४२९, १४३४ र १४७७ को जम्मा क्षेत्रफल ०-८-०-० जग्गा र सो जग्गामा बनेको घर समेत खरिद गरेकोमा घर मूल्याङ्कन प्रतिवेदन अनुसार जम्मा घर फर्निचर साज सजावट समेतको मूल्य रु.१.१६.९४.१५३।२४ खुली आएको भनी उक्त रकममा घर जग्गा खरिद गर्दा तिरेको घरको मूल्य रु.६१,८६,७७५। घटाई बाँकी हुन आउने रकम रु.५५,०७,३७८।२४ मात्र निजको उक्त घरमा इन्टेरियर डेकोरेशन फर्निचर फिनिसिङ्ग आदिमा खर्च भएकोले सो रकमलाई आरोप पत्रमा व्यय कायम गरेको छ। प्रतिवादीले खरिद गरि सकेपश्चात थप निर्माण कार्य विद्युत कार्य वा स्यानिटरी कार्य गरेको भन्ने पनि देखिदैन। तसर्थ सिभिल कार्यको छुट्टै मूल्याङ्कन गरी व्ययमा गणना गरेको मिलेको देखिएन।तसर्थ उक्त मूल्याङ्कन प्रतिवेदन बमोजिम सिभिल कार्य बाहेकको कुल रु.२४,३२,६३९।८१ मात्र घरको साज सज्जा वापतको व्यय गणना गर्नु पर्ने भनी फैसला भएको देखियो।तर प्रतिवादीले खरिद गरिसके पश्चात थप निर्माण कार्य विद्युत कार्य वा स्यानिटरी कार्य गरेको छैन भन्ने जिकिर लिएतापनि सिभिल कार्य बाहेकको कुल रु.२४,३२,६३९।८१ मात्र व्यय कायम गरिएको भनिएको रकममा नै प्रतिवादी स्वयंले विद्युत कार्य वापत रु.३,१६,०९९।०३, स्यानिटरी कार्य वापत रु.७,८८,२२५।७८ समेत जोड गरी व्यय कायम गरेको प्रतिवादीको भनाई र गराई मिलेको नदेखिदा नदेखिदै प्रतिवादीलाई सफाई दिने गरी भएको त्रुटीपूर्ण फैसला बदरभागी छ।
- प्रदिप ढकालले सार्वजनिक सेवामा प्रवेश गरे पश्चात निजको नाममा रहेको जिल्ला काठमाण्डौ साविक चपली भद्रकाली वडा नं. ३ ख हाल बुढानिलकण्ठ न.पा. वडा नं. १ स्थित कित्ता नं. १४२९, १४३४ र १४७७ जम्मा क्षेत्रफल ०-८-०-० मा रहेको २.५ तल्ले घर सहितको जग्गा रू.२,७१,००,०००।- खरिद गरी घरको इन्टेरियर डेकोरेशन/फर्निचर फिनिसिङ्ग र राजस्व समेतमा रू.१,४५,००,०००।- खर्च भएको भनि निजले पेश सम्पत्ति विवरण फाराममा उल्लेख गरेको र बयानमा घरको इन्टेरियर डेकोरेशन/फर्निचर फिनिसिङ्ग आदिमा रू.१,१०,००,०००।– मात्र खर्च भएको भनि खुलाएता पनि घर मुल्याङ्कन प्रतिबेदन अनुसार जम्मा घर, फर्निचर साज सजावट समेतको मुल्य रू.१,१६,९४,१५३।२४ भनि खुलिआएकोले उक्त रकममा निजले घरजग्गा खरिद गर्दा तिरेको घरको मुल्य रू.६१,८६,७७५।- घटाउँदा बाँकी हुन आउने रकम रू.५५,०७,३७८।२४ मात्र घरको इन्टेरियर डेकोरेशन/फर्निचर फिनिसिङ्ग आदिमा खर्च भएको पुष्टि भएको साधारण गणितिय हिसावलाई जटिल रुपमा ग्रहण गरी प्रतिवादीलाई कसूरबाट उन्मुक्ति दिने एक मात्र अभिप्रायले कुनै ठोस र बस्तुनिष्ट प्रमाण विना नै रु.२४,३२,६३९।८१ रकमलाई घरको साज सज्जा वापतको व्यय गणना गरिएको फैसला त्रुटि हुँदा उक्त फैसला बदरभागी छ।
- सहरी विकास तथा भवन निर्माण विभागका इन्जिनियर श्याम चन्द्र बुढाथोकीले मूल्यांकन गर्दा घर बनेको सालको दररेट निकाल्नको लागि शहरी विकास तथा भवन निर्माण विभाग द्वारा तयार गरिएको घर मूल्यांकन

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | दररेट तथा Whole Sale Price Index को प्रयोग गरी मूल्यांकन गरी मिति२०७९।०८।२६ गते आयोग समक्ष पेश गरेको प्रतिवेदनलाई आधार बनाई प्रतिवादीको घर निर्माण खर्च कायम गरिएको छ।जुन प्रतिवेदनलाई प्रतिवेदक श्यामचन्द्र बुढाथोकीले मिति२०८०।११।२७ गतेको बकपत्रबाट समेत पुष्टि गरेको तथ्यलाई प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम प्रमाणमा ग्रहण गर्नु पर्नेमा सो नगरी निराधार रुपमा रु.२४,३२,६३९।८१ रकमलाई मात्र घर निर्माण खर्च कायम गरी प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला त्रुटीपूर्ण हुँदा बदरभागी छ।<br>ख. **<u>बैंक कर्जा भुक्तानी खर्च</u> :**<br>• विभिन्न बैंक तथा वित्तिय संस्थाबाट लिएको कर्जावापत विभिन्न मितिमा विभिन्न माध्यमबाट साँवा तथा ब्याज गरी कुल भुक्तानी रु.१,६७,२९,००५।७६ लाई आरोप पत्रमा निजको व्ययमा गणना गरिएको छ।सो मध्ये प्रतिवादी सेवा निवृत भए पश्चात कुल रु.२३,१६,०३०।-बैंक तथा वित्तीय संस्था तथा सहकारीलाई भुक्तानी गरेको देखिन्छ।तसर्थ सो रकम कटाई कर्जा भुक्तानी तर्फ रु.१.४४,१२,९७५।७६ मात्र निज प्रतिवादीको व्ययमा गणना गरी फैसला गरेको देखियो।तर निज प्रतिवादीको प्रस्तुत मुद्दामा कायम गरिएको अनुसन्धान अवधि भरको समयमा भएका आय व्यय गणना गरिनु पर्ने हुन्छ सोही अवधिभरमा निज प्रतिवादीको खाताबाट बैंक तथा वित्तिय संस्थालाई भूक्तानी भएको रकमलाई एकिन गरी रु.१,६७,२९,००५।७६ निजको व्यय कायम गरिएको हो जस मध्ये रू.३७,५१,६४४।८७ अर्थात २२.४३ प्रतिशत रकम बराबरको स्रोत पुगेको समेत देखिदैन।गैर कानुनी तवरवाट आर्जन गरेको सम्पत्तिबाट भएको आयलाई समेत कानुनी आयमा मान्यता दिदै जाने हो भने गैरकानुनी कार्यले प्रश्रय पाउने हुँदा उक्त फैसला त्रुटिपूर्ण रहेको छ।यसै सन्दर्भमा, नेपाल सरकार विरुद्ध युवराज शर्मा भएको (ने.का.प.२०६९, अंक ५, नि.नं.८८८६) मुद्दामा “**आधारभूत सम्पत्तिको स्रोत पुष्टि गर्न नसकेको अवस्थामा त्यसबाट बढेबढाएको सम्पत्ति समेत स्वतः गैरकानुनी हुने भई दफा ४७ बमोजिम जफत हुने स्थिति रहन्छ।त्यसैले बढेबढाएको सम्पत्तिको स्रोत खोज्न वा त्यस्तो सम्पत्तिबाट आधारभूत सम्पत्तिको स्रोत पुष्टि हुने गरी अर्थ गर्न मिल्दैन ।बढे बढाएको सम्पत्तिलाई आयको मान्यता दिँदा परिणामतः त्यसले आधारभूत सम्पत्ति कै स्रोत पुष्टि हुन जाने अवस्था सिर्जना हुन आउँछ, जुन कानून सम्मत हुन नसक्ने**” भनी सिद्धान्त प्रतिपादन भएकोमा उक्त सिद्धान्त प्रतिकूल हुने गरी भएको प्रस्तुत त्रुटीपूर्ण फैसला बदरभागी छ।<br>• **<u>व्यक्तिगत सापटी भुक्तानी खर्च</u>:** प्रतिवादी सार्वजनिक सेवा प्रवेश गरे पश्चात विभिन्न व्यक्तिहरुलाई रु.२,०५,००,०००।- सापटी फिर्ता गरेको नेपाल इन्भेष्टमेन्ट बैंक लि. र नेपाल एसविआई बैंक लि. को बैंक स्टेटमेन्टहरुबाट देखिएको भनी सो रकमलाई आरोपपत्रमा निजको व्ययमा गणना गरिएको छ।प्रतिवादीले व्यक्तिगत रुपमा लिएको सापट मध्ये अधिकांश सेवा निवृत्त भए पछि भुक्तान गरेको रु.१,७६,००,०००।-फिर्ता गरेको देखियो।निज प्रतिवादीले आफ्नो सेवा अवधिमा जम्मा रु.२९,००,०००।-मात्र फिर्ता गरेको देखिएको हुँदा उक्त रकमलाई निजको व्ययमा गणना गर्नु पर्ने भनी फैसला भएकोमा प्रतिवादीले आफ्नो सेवा अवधि पश्चात सापटी भुक्तानी गरेको भएतापनि प्रस्तुत मुद्दाको अनुसन्धान अवधि भित्र नै भुक्तानी भएको हुँदा उक्त रकम समेत निजको व्ययमा गणना गरिनु गणितय हिसावले युक्तिसंगत हुँदा सेवा अवधि पश्चात भुक्तानी भएको भनि प्रतिवादीको व्यय कम मात्र गणना गरि, प्रतिवादीको आय बढी देखाई, प्रतिवादीलाई सफाई दिने गरी भएको त्रुटीपूर्ण फैसला बदर गरी पाउँ।<br>• अतः माथि विवेचित उल्लिखित आधार, कारण र मिसिल संलग्न प्रमाणहरुलाइ हेर्दा, प्रतिवादी प्रदिप ढकालले मिति २०७४/०४/३२ देखि २०७९/०२/३० सम्म गैरकानुनी रुपमा आर्जन गरेको सम्पत्ति र सोबाट बढे बढाएको सम्पत्ति समेत गरी जम्मा रु.१,४४,११,७८१।७१ बराबरको सम्पत्ति आफ्नो नाममा राखेको देखिदा सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त प्रतिकुल हुने गरी गैर कानूनी रुपमा आर्जन गरेको सम्पत्तीबाट बढे बढाएको सम्पत्तीलाई समेत प्रतिवादीको बैध आय कायम गरी प्रतिवादीलाई सफाई दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भएकोले उक्त फैसला वदर गरी प्रतिवादीलाई आरोप-पत्र मागदावी बमोजिम कसूर |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | ठहर गरी सजाय गरि पाउँन सम्मानित अदालत समक्ष अनुरोध छ। |